# मातृत्व कथामा नारीचेतना

अर्चना सापकोटा
शिक्षण सहायक, महेन्द्र बहुमुखी क्याम्पस, धरान।
Sapkotaa2076@gmail.com
https://doi.org/10.3126/gyandeep.v11i01.96614

## लेखसार

प्रस्तुत लेखमा कथाकार भागीरथी श्रेष्ठद्वारा रचना गरिएको कथासङ्ग्रह (२०४३) मा सङ्कलित मातृत्व कथालाई नारीचेतनामा आधारित रही अध्ययन विश्लेषण गरिएको छ। प्रस्तुत लेख गुणात्मक अनुसन्धान ढाँचामा केन्द्रित रहेको छ। यस लेखमा मातृत्व कथामा नारीचेतना केकसरी अभिव्यक्त भएको छ भन्ने मुख्य समस्यालाई उठाई ती समस्याहरूको प्राज्ञिक समाधानका क्रममा उठाइएका मुख्यमुख्य कुरालाई मात्र विश्लेषण गरिएको छ। कथामा नेपाली समाजका सामाजिक, सांस्कृतिक सङ्कीर्णताबाट उत्पीडित नारीहरूको मनोदशालाई केलाउने प्रयत्न गरिएको छ। नारीअस्तित्वको विषयलाई 'समकालीन कथामा नारीचेतना' शीर्षकको अनसन्धानमूलक लेखमा डा. अम्बिका अर्यालले प्रस्तुत गरेको नारीचेतनाको सैद्धान्तिक पर्याधारलाई आधार मानेर मातृत्व कथाको विश्लेषण गरिएको छ। पाठपरक विश्लेषण विधिमा लेखिएको यस लेखमा विधवा नारीहरूलाई नेपाली समाजले हेर्ने दृष्टिकोण, पितृसत्तात्मक सामाजिक संरचना र व्यवहारको अध्ययन गरी विश्लेषण गरिएको छ। प्रस्तुत अध्ययनमा श्रेष्ठको मातृत्व कथालाई प्राथमिक स्रोतसामग्रीका रूपमा प्रयोग गरिएको छ भने मातृत्व कथाका बारेमा विभिन्न लेखकहरूद्वारा लेखिएका अनुसन्धानमूलक लेखरचना र पुस्तक आदि उपलब्ध सामग्रीहरूलाई द्वितीयक स्रोतसामग्रीका रूपमा उपयोग गरिएको छ। यस कथामा प्रस्तुत गरिएको विविध सन्दर्भ र विषयको सापेक्षतामा रही यस लेखमा विधवा नारीको जीवन, नारीहरूका चुनौती, शाश्वत् शक्तिका रूपमा रहेको मातृत्वको महत्त्व प्रस्ट्याउँदै अन्त्यमा आमा नै जीवनको मू लस्रोत हो भन्ने निष्कर्ष निकालिएको छ।

*शब्दकुञ्जी* : उत्पीडन, नराधम, नारीचेतना, मातृत्व, मांशल, विधवा।

## विषयपरिचय

मातृत्व कथा भागीरथी श्रेष्ठ (२००५) को मातृत्व भावलाई सर्वोपरि ठानी रचना गरिएको यथार्थवादी कथा हो। यस कथाको प्रथम प्रकाशन गरिमा (२०४० असोज) पत्रिकामा भएको हो। पछि क्रमशः कथासङ्ग्रह (२०४३) मा यस कथाको सङ्कलन गरिएको छ। उनका हालसम्म क्रमशः कथासङ्ग्रह (२०४३), मोहदेश (२०४४), विनम्रता (२०४९) र रङ्गीन पोखरी (२०५०), भूमिगत (२०६२) तथा रातो गुलाफ (२०६६) कथासङ्ग्रह प्रकाशित छन्। मातृत्व भागीरथी श्रेष्ठको नारीप्रधान कथा हो (पौड्याल, २०७९, पृ. १४७)। यस कथामा एकल महिलाको सङ्घर्षशील जीवन भोगाइ, विधवा महिलाप्रति समाजले हेर्ने दृष्टिकोण, पितृसत्ताका कारण महिलामा हुने सामाजिक शोषण, शारीरिक तथा मानसिक नियन्त्रणबाट भोग्नु परेको कटु यथार्थलाई विश्लेषण गरिएको छ भने एउटी नारीमा जैविक रूपमा रहने मातृत्वभावको चित्रण सशक्त ढङ्गले गरिएको छ। प्रस्तुत लेखमा नारीचेतना हरेक नारीमा रहने भित्री ज्ञान वा जीवनशक्ति हो। नारीचेतनाका माध्यमबाट नारीमा उत्पन्न चैतन्यलाई नै नारीशक्तिका रूपमा प्रस्तुत गरिएको छ। आधुनिक नेपाली कथाको उत्तरवर्ती चरणकी सशक्त कथाकार श्रेष्ठको मातृत्व कथामा नेपाली समाजका सामाजिक, सांस्कृतिक सङ्कीर्णताबाट उत्पीडित नारीहरूको मनोदशा र नारी अस्तित्व विषयक अध्ययननै यस लेखको मुख्य अध्ययनक्षेत्र हो। प्राकृतिक रूपमा निर्धारित मानवका लिङ्गपहिचानलाई आधार मानेर सामाजिक तथा सांस्कृतिक परिपाटी निर्धारण गरी तदनुरूपको विभेदकारी क्रियाकलाप गरिएको हुनाले यसप्रति असहमति जनाउँदै लैङ्गिक समानता तथा स्वतन्त्रताका पक्षमा जागृत हुने चेतना नै नारीचेतना हो (अर्याल, २०७६, पृ. ४४)। पितृसत्ताले निर्माण गरेको व्यवस्थाले महिलाको उत्पादन तथा श्रम, गतिशीलता, यौनिकता, प्रजननशक्ति, सम्पत्ति आदि क्षेत्रमा नियन्त्रण गर्ने भएकाले यस विरुद्ध जागृत सचेततालाई नारीसचेतनाका रूपमा लिने गरिएको छ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान।*

नारीचेतना भनेको परम्परागत रूपमा नारीको स्थान र चित्रण, पुरुषको सम्बन्ध, यिनका आर्थिक र सांस्कृतिक सहसम्बन्ध आदिको साहित्यिक अभिव्यक्तिलाई साहित्यमा नारीचेतनाका रूपमा लिने गरिएको पाइन्छ (गड्तौला, सन् २०१९ पृ.१७१) । यस अध्ययनमा मातृत्व कथामा नारीचेतना के कसरी प्रस्तुत भएको छ भन्ने कुरालाई मुख्य समस्याका रूपमा उठाई ती समस्याहरूको समाधान खोज्नु यस लेखको मुख्य उद्देश्य हो । मुख्यतः मातृत्व कथामा अभिव्यक्त नेपाली समाजको नारीचेतनामा केन्द्रित रही विश्लेषण गर्नु नै प्रस्तुत लेखको उद्देश्य रहेको छ ।

मातृत्व कथाका बारेमा यो लेख प्रकाशन हुनुपूर्व विभिन्न विद्वान्हरूले अध्ययन विश्लेषण गरिएको पाइए तापनि नारीचेतनाका बारेमा भने पर्याप्त अध्ययन विश्लेषण गरिएको पाइँदैन । मातृत्व कथामा प्रयुक्त मनोभाव र भाषाका बारेमा विश्लेषण गर्दै प्रेमप्रसाद चौँलागाईँले एउटी नारीले सन्तानका निम्ति जस्तोसुकै त्याग र वलिदन गर्न पछि नपर्ने मातृत्वशक्तिका अगाडि वासनात्मक प्रेम तुच्छ हुन्छ (चौँलागाईँ, २०८१, पृ.२५) भन्ने निष्कर्ष निकालेका छन् । त्यस्तै बालकृष्ण गौतम र शोभा बस्नेतले मातृत्व कथामा लैङ्गिकताको प्रयोग शीर्षकमा अध्ययन गर्दै नेपाली समाजमा परम्परागत पितृसत्ता, लैङ्गिक हिंसा र विभेद्, सामाजिक लिङ्गभेद, नारीको शरीरमाथि नारी स्वयंको प्रभुत्व कायम नहुने अवस्था आदिले धेरैजसो नारी उत्पीडन र शोषित हुने गरेको निष्कर्ष निकालेका छन् । त्यस कारण पनि नारीहरूले आफ्नो हक, अधिकार प्राप्ति र उपयोगका निम्ति पुरुषप्रधान समाजसँग सङ्घर्ष र विद्रोह गर्नुपर्ने विचार अभिव्यक्त गरेका छन् (गौतम र बस्नेत, २०८२, पृ. २०) ।

नारीमाथि हुने गरेका जुनसुकै किसिमका विभेद, दमन, शोषण र उत्पीडनका विरुद्धमा जागृत चेतनाका माध्यमबाट नारीका हकहीतका पक्षमा उठाइएका आवाजलाई समकालीन नेपाली कथामा प्रस्तुत नारीवादी चेतना मानी सोको निरूपण गर्नुपर्ने धारणा अम्बिका अर्यालले समकालीन नेपाली कथामा नारीवादी चेतना शीर्षकको लेखमा प्रस्तुत गरेकी छिन् (अर्याल, सन् २०२१, पृ. ८४) । यसरी यो लेख लेख्नुपूर्व विभिन्न समीक्षकहरूले प्रस्तुत कथाको विश्लेषण गरेको पाइए पनि नारीचेतनाका सन्दर्भबाट आजसम्म परिशीलन गरिएको छैन । यसो हुँदा यो अध्ययन नारीचेतनाका दृष्टिले महŒवपूर्ण रहेको छ । विश्लेषणका दृष्टिले पनि यसबाट प्राप्त हुने ज्ञान, सम्बद्ध विषयका जिज्ञासु विद्यार्थी, अध्येता र पाठकवर्गका निम्ति पनि प्रस्तुत अध्ययन औचित्यपूर्ण रहेको छ । यस अध्ययनमा मातृत्व कथामा प्रस्तुत भएको नारीचेतनालाई नै आधार बनाई पितृसत्तात्मक शोषणको विरोधसम्बन्धी नारीचेतना, जैविकतासम्बन्धी नारीचेतना, दमनसम्बन्धी नारीचेतना, प्रतिरोधी नारीचेतना, लैङ्गिक विभेदको विरोधसम्बन्धी नारीचेतना, वैयक्तिक अधिकार र स्वतन्त्र निर्णयसम्बन्धी नारीचेतनालाई मुख्य आधार बनाएर नै विश्लेषण गरिएको छ । नारीचेतनाबाहेक अन्य मूल्यमान्यताहरूको विश्लेषण हुन नसक्नु यो लेखको परिसीमा हो ।

## अध्ययनविधि र सैद्धान्तिक पर्याधार

यस अध्ययनमा प्राथमिक र द्वितीयक दुवै स्रोतहरूबाट सामग्रीसङ्कलन गरिएको छ । प्राथमिक श्रोतका रूपमा भागीरथी श्रेष्ठको मातृत्व कथालाई लिइएको छ । द्वितीयक स्रोतसामग्रीका रूपमा सम्बन्धित विषयमा लेखिएका ग्रन्थ, अनुसन्धानमूलक लेखहरूको सङ्कलन, फुटकर रूपमा प्रकाशित लेख आदिलाई लिइएको छ । यसरी विभिन्न स्रोतबाट सामग्रीसङ्कलन गरी व्याख्यात्मक, वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोगबाट निष्कर्षमा पुगिएको छ । यो अध्ययनको निष्कर्षमा पुग्न प्रस्तुत कथालाई आधार मानी विश्लेषण गरिएका विभिन्न विद्वान् लेखकहरूका अनुसन्धानमूलक लेखरचनालाई द्वितीयक स्रोतसामग्रीका रूपमा उपयोग गरिनुका साथै यस लेखका लागि कतिपय आवश्यक अध्ययन सामग्रीहरू भने पुस्तकालयीय तथा इन्टरनेट आदि स्रोतलाई समेत सन्दर्भसामग्री बनाई आवश्यकताअनुसार उपयोग गरिएको छ ।

नारी शब्दको मूलमा ‘नृ’ रूप पाइन्छ र यसको अर्थ मनुष्य भन्ने हुन्छ । नारी र पुरुष दुवैलाई बुझाउने यसै ‘नृ’ शब्दबाट कालान्तरमा नर र नारी दुई भिन्न शब्द बनेर व्यवहारमा प्रयोग हुँदै आएका छन् । मनुष्य मात्रलाई सङ्केत गर्ने ‘नृ’ शब्दले समाजविकासको आवश्यकता सँगै पुंसत्व र स्त्रीत्व विवक्षामा नर र नारी शब्दमा आफूलाई

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

विभक्त गरेको देखिन्छ। यी दुवै शब्दसंरचना र व्यवहारले सापेक्षित छन् (गड्तौला, २०१९, पृ.१७२)। नर र नारी शब्दमा लिङ्गगत संरचनाबाहेक अन्य कुनै विभेद देखापरेको छैन तर समाजशास्त्रीय र सांस्कृतिक तहमा देखिने नारीसम्बन्धी दृष्टि नै नारीचेतनाको आधार हो। बिसौँ शताब्दीको आधाआधीमा नागरिक अधिकार खोजीकै क्रममा अमेरिकामा नारीचेतनाले नारीवादको रूप लिन पुगेको हो। राजनीतिक र सामाजिक क्षेत्रमा देखिएको नारीवादी चिन्तन साहित्यका क्षेत्रमा १९७० को दशकदेखि गतिशील भएको हो। नारी सम्बन्धी चेतना नै नारीचेतना हो (गड्तौला, २०१९, पृ.१७२)। नारीचेतना र नारीवाद फकफरक भए तापनि यी दुवै एकआपसमा अन्तरसम्बन्धित छन्।

नारीवाद अङ्ग्रेजी फेमिनिजमको नेपाली रूपान्तरण हो। नारीहरूको सामाजिक, आर्थिक एवं सांस्कृतिक स्वतन्त्रता तथा समानताका लागि वर्तमान युगमा सञ्चालित राजनैतिक नारीवादी आन्दोलनसँग नारीवादी साहित्यिक समालोचनाको घनिष्ठ सम्बन्ध छ (श्रेष्ठ, २०८१, पृ. ७९)। यो आन्दोलन पुरुषविरोधी मात्र नभएर पुरुषका कारण महिलाले भोग्नुपरेका शोषणका विरुद्ध सङ्गठित भएर गरिने सशक्त आन्दोलन हो। यो नारीलाई केन्द्रमा राखेर कृतिको अध्ययन विश्लेषण गरिने समालोचना पद्धति हो। यसले विभेदपूर्ण व्यवहारको विरोध गरी स्वतन्त्रता र समानताको पक्षमा वकालत गर्दछ। अरू राजनीतिजस्तै नारीवाद पनि नारीहरूको मुक्तिका लागि सुरु भएको राजनीतिक आन्दोलन हो (भट्टराई, २०७७, पृ.१२४)। यसरी हेर्दा नारीविभेदको मुख्यमुख्य कारण पितृसत्तात्मक समाज नै हो। संसारको दुईतिहाइ श्रम नारीहरूले नै गर्ने भए पनि उनीहरूले गर्ने घरको कामलाई प्रायः उत्पादक श्रमको रूपमा लिने गरिएको पाइँदैन (उप्रेती, २०६८, पृ. १९०)।

पश्चिमी मुलुकमा नारीमुक्ति आन्दोलन र साहित्यचिन्तनको थालनी अठारौँ शताब्दीतिरैबाट भए पनि नारीवादी साहित्य तथा समालोचनाको औपचारिक थालनी भने सन् १९७० को दशकमा भएको हो (शर्मा र लुइँटेल, २०६७, पृ.३७३)। पितृसत्तात्मक सोच र संस्कारका कारणले नै महिलाका भूमिकाहरू पुरुषको दाँजोमा सामाजिक मूल्यमान्यताका आधारमा कमजोर र मूल्यहिन मानिन्छन् (ढकाल, २०७०, पृ. ३२७)। यसरी हेर्दा नारीवादले विशेष गरी जेन्डरको प्रश्न वा मुद्दालाई सम्बोधन गर्दछ। यसको मुख्य उद्देश्य नै लैङ्गिक भिन्नताका कारण हुने विभेद, अन्याय र अत्याचार एवं तत्सम्बन्धी मुद्दालाई उठान गर्नु हो।

लैङ्गिक भिन्नता र यौनिकता (जेन्डर) ले नारी र पुरुष छुट्टिन्छन्। लिङ्ग (सेक्स) ले शारीरिक संरचनाका आधारमा जैविक भिन्नता र यौनिकताले सामाजिक, सांस्कृतिक रूपमा संरचित नारी र पुरुषको भूमिका, व्यवहार, अभिव्यक्ति तथा पहिचानलाई बुझाउँछ (जोशी, सन् २०२३, पृ. ७५)। नारीचेतना भनेको विशेष गरी पितृसत्ता, जैविकता, नारीदमन र प्रतिरोधी चेतना हो। यसैका कारण आज नेपाली समाजमा नारीदमन र उत्पीडनलाई पितृसत्ताको जन्मजात आडम्बरले थिचेको अवस्था छ। प्रस्तुत लेख उपर्युक्त सैद्धान्तिक पर्याधारमा आधारित भएर तैयार पारिनुका साथै मातृत्व कथामा प्रमुख पात्रले आफू नारी भएकै कारण भोग्नु परेका र व्यहोर्नु परेका विभेदजन्य अवस्थालाई नारीचेतनाका आधारमा केलाउने प्रयास गरिएको छ।

## परिणाम र विमर्श

### पितृसत्तात्मक शोषणको विरोधसम्बन्धी नारीचेतना

घरपरिवार र समाज सबैतिर पुरुषको वर्चस्व रहनु वा पितृसत्ताको अधीनस्थ भएर समाजमा नारीहरू रहनुु नै पितृसत्ता हो। पुरुषप्रधानता र सत्तामा पुरुषको हालीमुहालीको स्थिति पितृसत्ता हो (अर्याल, २०७६,पृ. ५१)। पितृसत्ताले नारीलाई दोस्रो दर्जाको नागरिकका रूपमा व्यवहार गरेर राज्यमा हरेक कानुनी तथा सामाजिक, सांस्कृतिक मूल्यमान्यतालाई पुरुष अनुकूल बनाउने प्रयत्न गर्दछ। पुरुषद्वारा पुरुषकै हितमा निर्मित व्यवस्थाले नारीहरू कति दमनमा परेका छन् भन्ने कुराको खोजीका क्रममा नारीचेतना जागृत हुनु पितृसत्तात्मक शोषणको विरोधसम्बन्धी नारीचेतना हो (अर्याल, २०७६,पृ. ५२)। नारी सधैँ पुरुषका भोग्या भएर बाँचिदिनु पर्ने यथार्थलाई

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान।*

मातृत्व कथामा प्रस्तुत गरिएको छ। पुरुषको हैकमवादी सोच, दमन र प्रभुत्व एकल महिलाप्रति यसरी प्रस्तुत भएको छ - "त्यो दिन कपाल दुखिरहेथ्यो। जिउ भारी भइरहेथ्यो। मलाई बोल्नै मन लागेको थिएन।" ढोका लगाइदेऊ ममता, सुबोधको अर्डर थियो। "छोराछोरी आइपुग्छन्, आज सञ्चो पनि छैन," मैले भनेँ। "धेरै बाहाना नगर, आजकल तिमी निर्जीवजस्तै लाग्छ। " मुख बिगारेर भन्नुभयो (श्रेष्ठ, २०७७, पृ. १०१)।

पितृसत्तात्मक समाजमा यौन व्यवहार, इच्छा र सम्बन्धहरू पुरुषकै इच्छाअनुसार परिचालित हुन्छन्। पितृसत्ताले परिवारको संरचना, निर्णय प्रक्रिया र सम्बन्धहरूको स्वरूपमा ठुलो प्रभाव पार्छ। पितृसत्तात्मक सोचकै कारणले गर्दा आज ममताजस्ता नेपाली समाजका एकल महिलाहरू प्रताडित हुनु परेको कुरालाई प्रस्तुत गरिएको छ। यसै कारण नारीहरूले अनाहकमा बहाना गर्नुपर्ने, नचाहँदा नचाहँदै पनि पुरुषकै निमित्त हाँसिदिनुपर्ने, चोटहरू खपिदिनु पर्ने बाध्यात्मक अवस्था रहेको तथ्यलाई कथाकारले प्रस्तुत गरेकी छन्।

पितृसत्तात्मक समाजमा अनुशासन र नियन्त्रण गर्ने अधिकार प्रायः पुरुषसँग हुन्छ। यस कथामा कथाको सहायक पात्र सुबोधले ममतामाथि गरेको आदेशात्मक नियन्त्रणलाई निम्न कथांशमा प्रस्तुत गरिएको छः "तिमीहरू सबै बाहिर खेल्न जाऊ।" "कति हतारोसँग मेरा छोराछोरीलाई लखेट्नु भएको थियो। छोराछारी पहिले त मानेनन्। सुबोधले आँखा तर्नुभएपछि दुवै छोराछोरी लुरुक्क बाहिर गए (श्रेष्ठ, २०७७,पृ. १००)।" यसरी पितृसत्तात्मक समाजमा पुरुषलाई अधिकार र शक्ति प्रदान गरेर एउटा पुरुष अबला बनेकी नारीमाथि खुल्लमखुल्ला जाइलाग्न पछि पर्दैन। यसरी पितृसत्ताबाट नारीदमनमात्र होइन नारीअस्तित्वमाथि नै कुठाराघात हुने गरेको तथ्यलाई उपर्युक्त कथांशमा प्रस्तुत गरिएको छ। यस्तो स्थितिमा ममताले प्रतिरोध गर्दागर्दै पनि उसलाई सुबोधद्वारा वासनाको शिकार बनाइनु नेपाली समाजमा पितृसत्ताको हैकमवादी प्रवृति हावी हुनु हो भन्ने कुरालाई कथामा श्रेष्ठले प्रस्तुत गरेको देखिन्छ।

**जैविकतासम्बन्धी नारीचेतना**

जैविकता भनेको केवल जीवित हुनु मात्र होइन, यसले जीवनका सबै आयामहरूको समग्र अध्ययन हो। यसले मानवजातिलाई मात्र नभएर जनावर, बनस्पति र सूक्ष्म जीवहरू सबैलाई समेटेर जीवनको आधारभूत समझको विकास गर्न मद्दत गर्छ (खनाल, २०७५, पृ.४४)। यसैलाई आधार मान्ने हो भने पनि नेपाली समाजको विधवा नारीप्रतिको दृष्टिकोणमा परिवर्तन ल्याउन जरुरी देखिन्छ। यद्यपि एक्काइसौँ शताब्दीको वर्तमान युगमा समेत विधवा नारीहरूलाई हेर्ने दृष्टिमा सकारात्मक परिवर्तन नआउनु गम्भीर कुरा हो। जैविकतासम्बन्धी नारीचेतनालाई हेर्ने हो भने विधवा नारी पनि अरू नारीझैँ पूर्ण रूपमा जीव वैज्ञानिक, सक्रिय र समान हुन्छिन् भन्ने कुरा बिर्सनु हुँदैन (खनाल, २०७५, पृ.४४)। त्यसैले नारीको 'विधवा' भन्ने पहिचान सामाजिक परिचय हो। यो जैविक मात्र होइन। यसर्थ सधुवा महिलासरह वैधव्य नारीको पनि पारिवारिक, सामाजिक आदि इच्छा, चाहना तथा कामनाहरू हुनु अस्वाभाविक होइन। मातृत्व कथाकी केन्द्रीय चरित्र ममतालाई विधवा भएकै कारण दमन गरिनु उनीमाथि गरिएको जैविकतासम्बन्धी विभेद हो। मातृत्व कथामा जैविकतासम्बन्धी नारीचेतना यसरी प्रस्तुत भएको छ -

सुबोध मेरो लोग्नेको मिल्ने साथी। एउटा दुःखदायी प्लेन दुर्घटनाले मेरा छोराछोरीलाई टुहुरा बनायो। कलकलाउँदो उमेरमा नै मेरो सिन्दुर पुछियो। मेरा चुराहरू फोरिए। सुबोध मकहाँ बराबर आउनुहुन्थ्यो। माया दर्साउनु हुन्थ्यो। लोग्नेको अभाव महसुस गर्थें। जिन्दगीमा धेरै कुराहरू हराएजस्तै थिए, टेक्ने हाँगाको खोजीमा थिएँ। लाग्थ्यो संसारमा एउटा कोही त माया गर्ने पुरुष चाहिन्छ जुन माया शारीरिकभन्दा मानसिक रूपमा ज्यादा होओस्। यसैको चाहनाले च्यापेर अनायास म सुबोधलाई बढी माया र सम्मान गर्न थालेथेँ। (श्रेष्ठ, २०७८, पृ. ९६)

एकल नारीलाई सधैँ नारीका रूपमा हेर्ने परम्परालाई ठाडो चुनौती दिँदै आफ्नो मृतपतिको साथीलाई जीवनसाथीका रूपमा स्विकारिनु, छोराछोरीको ऊज्जवल भविष्य र गतिहीन जीवनलाई गतिशील बनाउन सुबोधको अँगालोमा बाँधिएकी ममताका इच्छा, चाहना र सोचाइहरू आकाशमा अचानक बादल हराएजस्तै हराएका छन्।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान।*

शारीरिक र वासनात्मक आवश्यकतालाई सर्वोपरि ठान्ने सुबोधको नाटकीय प्रेमको अन्त्य जैविकताकै कारण भएको देखिन्छ । ममताले जुन अपेक्षा राखेर समाजको चुनौतीलाई समेत स्विकार गर्दै सुबोधलाई आफ्नो जीवन सुम्पिएकी थिई । त्यो अपेक्षा विपरीत सुबोध आफ्नो मांशलप्रेममा मात्र सीमित भएपछि मातृत्वरक्षाकै निम्ति उक्त सम्बन्धलाई ममताले अन्त्य गर्नुपरेको देखिन्छ । प्रस्तुत कथामा सुबोधको ममताप्रतिको पहिलेको सान्त्वना, सहयोग र आत्मीय व्यवहार अन्त्यमा गएर वासनामा केन्द्रित हुनु सुबोधको जैविकता हो । पुरुषको जैविकताले कुनै पनि नारीदमन हुनु ठीक मानिँदैन । पति गुमाइसकेपछि परिवारको संरक्षण, अभिभावकत्वको खोजी, छोराछोरीको भविष्यलगायतका कारण ममताले आफ्नो पतिको साथी सुबोधलाई छनोट गरी उसबाट पारिवारिक तथा व्यक्तिगत अपेक्षा राख्नु उसमा रहेको जैविकता हो । तर ऊ विधवा हो भनेर उसको अनिच्छा हुँदाहुँदै उसमाथि दवाब बनाएर एउटी एकल नारीमाथि जबरजस्ती दानवीय प्रवृति देखाउनु भनेको नारीदमन र उत्पीडन हो । ममतालाई यस कुराको ज्ञान हुनु र सुबोधसँगको सम्बन्धलाई सधैँका लागि परित्याग गर्नु ममताको अत्यन्तै दूरदर्शी एवं परिपक्व निर्णय मानिन्छ ।

**दमनसम्बन्धी नारीचेतना**

पितृसत्तात्मक संस्कारका नाममा नारीमाथि हुने अन्याय, यौनशोषण तथा महिलाहिंसा, शिक्षा, रोजगार एवं सम्पत्तिमाथि गरिने लैङ्गिक विभेद नै नारीदमन हो । नारीको अस्तित्व र पहिचानमा पितृसत्ताले गरेको दमन, समान सहभागितामा नारीविभेद, नारीका पीडा र उनीहरूमाथि गरिने अन्यायविरुद्धको विरोधप्रति जागृत शक्ति नै दमनसम्बन्धी नारीचेतना हो (अर्याल, २०७६, पृ. ६९) । प्रस्तुत कथामा सुबोधले ममतामाथि जमाएको एकाधिकार यसैको एक उदाहरण हो । पछिल्लो समय नारीवादी समालोचनाले पितृसत्तात्मकताको विरोध गरी नारीलाई पुरुषको थिचोमिचोबाट मुक्त गराउने मार्ग प्रशस्त गरेको छ (शर्मा र लुईंटेल, २०६७, पृ. ३७७) । यस कथामा ममताले छोराछोरीका लागि गरेको त्याग र समर्पणको ज्वलन्त उदाहरण उसमा रहेको मातृत्व नै रहेको देखिन्छ । पुरुषको स्वार्थी प्रवृत्तिका कारणले गर्दा ममताजस्ता एकल नारीहरू अनेक बहानामा पितृसत्ताबाट प्रताडित हुनुपरेको छ । परापूर्वकालदेखि पुरुषहरूबाट नारीदमन कसरी गरिएको छ भन्ने कुरालाई प्रस्तुत कथांशमा यसरी देखाइएको छ :

> एकदिन सुबोधलाई मनपर्ने आलुको अचार र काजुकिसमिस मिसाइएको सुजीको हलुवा बनाएर दिएँ । हुन त सधैँ केही न केही नखुवाइकन पठाउन्नथेँ । सुबोधले निक्कै मिठो मानी खानुभयो । पुगेन, बाँकी छ भने थपिदेऊ न ममता थोरै हलुवा छोराछोरीलाई राखिदिएको हलुवासमेत खानुभयो । म अकमकाए पनि केही भन्न सकिनँ । (श्रेष्ठ, २०७८, पृ. ९८)

आर्थिक रूपमा महिलाहरू सबल छैनन् भने उनीहरूको अवस्था कारुणिक बन्छ । त्यसमा पनि विधवा नारीको अवस्था त झनै दयनीय हुन्छ । परम्परागत सोच बलियो भएको समाजमा विधवा महिलाहरूले आर्थिक, सामाजिक र राजनीतिक आदि विविध क्षेत्रमा सदैव दबिएर बाँच्नु पर्ने अवस्थालाई ममताको उक्त कथाले पुष्टि गरेको छ ।

वैधव्यका कारण आउनसक्ने भवितव्य र समाजको कुटिलताबाट बच्न ममताले सुबोधको जुन साथ खोजेकी थिई तर उसको उक्त अपेक्षा विपरीत ममताले आफ्नै घरभित्र पुरुष दमनको शिकार हुनु परेको यथार्थलाई कथामा प्रस्तुत गरिएको छ । नारीदमनको आम मानसिकतालाई "सुबोधले मेरो बिरामीमाथि पनि वास्ता गर्नुहुन्नथ्यो । सधैँ मलाई कोपर्न, लुछन र चाट्न चाहनुहुन्थ्यो (श्रेष्ठ, २०७८, पृ. १०२) ।" भन्ने ममताको प्रस्तुत कथनले नारीदमनको अवस्थालाई चित्रित गरेको छ । ममतामाथि पितृसत्तात्मक सामाजिक आडम्बरले गरेको दमन कति भयानक र विभत्स थियो भन्ने कुरालाई ममताको यस कथनले पनि स्पष्ट पारेको छ -

> धेरै दिन भएको थियो छोराछोरीलाई कतै घुमाउन नलगेको । मन लागेको थियो, छोराछोरीलाई पनि लैजाऊँ । सुबोधको चर्को स्वरले मेरो लोग्नेको छोराछोरीप्रतिको माया सम्झेँ । सुबोधसँग सिनेमा हेर्न गए पनि कुनै रमाइलो अनुभव गर्न सकिनँ । के हेरेँ थाहा भएन । सिनेमा कसरी सुरु भयो र कसरी समाप्त भयो मेरो दिमागले

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

> केही बुझेन । दुवै छोराछोरी रोएको दृश्य आँखामा झलझली नाचिरह्यो । कहिले जाऊँ जस्तै भयो । सुबोधको जिस्क्याइ र चिमोटाइले ममा केही मिठो असर गरेन । एउटा काँडाले घोचेजस्तै अनुभव गरेँ । (श्रेष्ठ, २०७८, पृ. १०१)

ममताको उक्त दमित अभिव्यक्तिबाट एउटी असहाय नारीप्रति पुरुषदमन कसरी हाबी भएको छ भन्ने कुरालाई स्पष्ट रूपमा कथामा प्रस्तुत गरिएको छ । सुबोधको निर्देशनात्मक अभिव्यक्ति एउटा पतिको व्यवहारभन्दा पनि पुरुषसत्ताले नारीसत्तालाई गर्ने गरेको दमनको प्रतिरूप भएको तथ्यलाई कथामा प्रस्तुत गरिएको छ ।

**प्रतिरोधी चेतना**

प्रस्तुत कथाकी कथाकार स्वयं नारी भएका कारण कथाकी प्रमुख पात्र ममतालाई पुरुष पात्र सुबोधबाट पीडित पात्रका रूपमा उभ्याएर कथामा श्रेष्ठले प्रतिरोधी चेतना प्रस्तुत गरेकी छिन् । सामाजिक तथा मनोवैज्ञानिक विषमता र मातृत्वको शाश्वत महत्तालाई चिन्नु, पितृसत्ताले नारीमाथि गरेको दमनको विरोध गर्नु र आफ्नो अधिकारका लागि उभिनसक्ने चेतनाको विकास गर्नु नै खासगरी प्रतिरोधी चेतना हो । कथामा ममताको पतिको दुर्घटनामा मृत्यु भएपछिको एकाकीपन, सुदूर भविष्यमा हुनसक्ने विभिन्न समस्या, सामाजिक तथा लैङ्गिक उत्पीडनको आशङ्का आदिका कारण ममताले सुबोधलाई स्विकार्दै परम्परागत नेपाली समाजको प्रतिरोध गरेको देखाइएको छ । त्यस्तै छोरी चन्द्रमा हराउनु, खोज्न जानुपर्नेमा सुबोधले बहाना बनाउनु, छोराछोरीप्रति सुबोधले उपेक्षित व्यवहार प्रस्तुत गर्नु, समर्पणभन्दा पनि वासनात्मक तथा शारीरिक प्रेममा केन्द्रित हुनेजस्ता परिघटित शृङ्खलाले दिक्क भएकी ममताले  अन्त्यमा उसका विरुद्धमा आवाज उठाउँदै प्रतिरोध गर्नुले कथामा प्रतिरोधी चेतना भएको कुरालाई प्रमाणित गरेको छ । प्रस्तुत कथांशमा प्रतिरोधी चेतना यसरी प्रस्तुत भएको छ -

> ...सुबोधले वास्तै गरेन । मैले यस्तो चाहन्थेँ कि मेरा छोराछोरीलाई मेरो लोग्नेले झैँ माया गरोस् तर यी मेरा सोचाइ आकाशका बादल हराए जस्तै  हराउँदै गए । यसरी जीवनका धेरै मोडमा सुबोधसँग बहाना गर्नुपऱ्यो, हाँस्न मन नलाग्दा पनि हाँस्नुपऱ्यो । चोटलाई पनि खपिदिनुपऱ्यो ।" "...कति सजीव राख्ने त ? जिउको पनि ख्याल राख्नुपर्छ, समयको पनि ध्यान दिनुपर्छ ।" "सुबोधको उपस्थिति अब मेरो लागि असन्तोषको रूप बन्यो । छोरीको दुर्घटनापछि मेरो मौनता व्याप्त हुँदै थियो ।" "म तिम्रो जीवन बर्बाद गरिदिन्छु । बदनाम गरिदिन्छु ।" "मलाई कुनै पर्वाह छैन । सबै कुरा सहने छु । (श्रेष्ठ, २०७८, पृ. १०४)

यसरी सुबोधका विरुद्ध ममताले प्रतिरोधी आवाज बुलन्द गरेको देखाउँदै कथाकार भागीरथी श्रेष्ठले कथामा प्रतिरोधी चेतना प्रस्तुत गरेकी छन् । यी विभिन्न कथांशमा प्रस्तुत सन्दर्भले ममतामा प्रतिरोधी चेतना प्रस्तुत भएको छ । सुबोधका हरेक धम्कीपूर्ण अभिव्यक्तिको कठोरता र निडरताका साथ प्रतिरोध गर्नु ममताभित्र भएको प्रतिरोधी चेतना हो ।

**लैङ्गिक विभेदको विरोधसम्बन्धी नारीचेतना**

प्राणीमा जस्तै जैविक आधारमा मानव जातिका पनि नारी र पुरुष गरी दुई लिङ्गव्यवस्था छन् । यसले नारी र पुरुषका कार्यस्वभाव, अधिकारक्षेत्र आदिमा लिङ्गलाई आधाररेखा मानेर विभेदको सिर्जना गरिदिएको छ । यस किसिमको सामाजिक तथा सांस्कृतिक लिङ्गनिर्धारण सम्बन्धी  दृष्टिकोण नै लैङ्गिक विभेदसम्बन्धी नारीचेतना हो (अर्याल, २०७६, पृ. ४७) । लिङ्गका आधारमा नारीमाथि हुने गरेका विभिन्न किसिमका प्रताडनाको विरोध गर्दै ममताजस्ती विधवा नारीका माध्यमबाट कथामा लैङ्गिकविभेदको विरोध गरिएको छ । सुबोधलाई ममताले आत्मीय प्रेम गरे पनि सुबोधको प्रेम शारीरिक र वासनात्मक मात्र देखिन्छ । छोरी चन्द्रमाको खोजीगर्ने सन्दर्भमा होस् वा छोरी दुर्घटनामा परी अस्पतालमा भएको खबर सुनिसकेपछिको अवस्थामा नै किन नहोस् सुबोधको शरीरलम्पट प्रवृत्ति कथामा प्रष्ट भएको देखिन्छ । यसले पनि ममतालाई लैङ्गिक विभेदको शिकार बनाएको छ ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

पतिवियोगमा एकल जीवन बिताइरहेकी ममताले स्थापित सामाजिक मान्यताविरुद्ध एकल निर्णय गर्नु, एकल महिलाहरूलाई पुरुषलाई जस्तो प्रेम, विवाह तथा यौन आदि विषयमा खुलेर बोल्नका साथै निर्णय लिने अधिकारबाट वञ्चित गरिनु पनि लैङ्गिक विभेदसम्बन्धी नारीचेतना हो । तथापि यी सबैको बर्खिलापमा गएर ममताले सुबोधलाई अँगाल्नु र सुबोधबाट साथ, सहयोग र आत्मीय व्यवहारभन्दा पनि ममतामाथि थप क्रुरता, दमन र उत्पीडन हुनु महिलाहिंसा र लैङ्गिक विभेद हो भन्ने कुरा कथामा प्रस्तुत गरिएको छ । कथाको अन्त्यमा सुबोधको ज्यादती विरुद्ध आवाज उठाएपछि सुबोधले धम्कीपूर्ण रूपमा "म तिम्रो जीवन बर्बाद गरिदिन्छु । बद्नाम गरिदिन्छु (श्रेष्ठ, २०७८, पृ. १०४) ।" भन्दै गरिएको दमनविरुद्ध ममताले आवाज उठाउनु विरोधसम्बन्धी नारीचेतना हो । ममताले "मलाई कुनै पर्वाह छैन । सबै कुरा सहनेछु (श्रेष्ठ, २०७८, पृ. १०४) ।" भनेर कथामा ममताले लैङ्गिक विभेद र उत्पीडनको विरोध गरेको देखिन्छ । यसरी नारी भएकै कारणबाट सधैँ पुरुषको हप्कीदप्की सहनुपर्ने अवस्था सिर्जना हुनु लैङ्गिक विभेद हो । कथामा लैङ्गिकताको शिकार हुन पुगेकी ममताले हद भएपछि गरेको सुबोधप्रतिको विरोध नै तत्सम्बन्धी नारीचेतना हो ।

**वैयक्तिक अधिकार र स्वतन्त्र निर्णयसम्बन्धी नारीचेतना**

नारीका व्यक्तिगत जीवन र निजी विषयसँग सम्बन्धित पक्ष र त्यससँग सम्बन्धित एकल अधिकार नै वैयक्तिक अधिकार हो । नारीहरूले आफ्नो निजी मामिलामा आफैँले निर्णय गर्न पाउने अधिकार उनीहरूको वैयक्तिक अधिकार हो । नारीहरूको प्रेमसम्बन्ध, विवाह, प्रजनन, गर्भपतन तथा सम्बन्ध विच्छेदजस्ता कुराहरूमा महिलाहरूको स्वतन्त्र अनिर्णय गर्ने अधिकार हुनुपर्दछ (अर्याल, २०७६, पृ. ६१) । समाजले सधैँ विधवा महिलालाई विधवाकै रूपमा हेर्ने चाहनाको प्रतिवाद गर्दै ममताले महिला भएर उसले पाउनुपर्ने अधिकारको प्रयोग कथामा यसरी गरेको देखिन्छ -"लोग्नेको माया नपाएको एकवर्षपछि सुबोधको न्यानो अँगालोमा पाउँदा मलाई रमाइलो त लाग्यो तर म अकमकिएँ । के गरौँ के गरौँ जस्तो भयो । उहाँको मायालाई अनुपम उपहार सम्झेँ । प्रसन्नतापूर्वक हामीले एक अर्काको प्रेम स्विकार्‍यौँ (श्रेष्ठ, २०७८, पृ. ९७) ।"

यसरी ममताले आफ्नो वैयक्तिक अधिकारका निमित्त चालेको यो साहसिक कदम र स्वतन्त्र निर्णयले कथामा नारीको वैयक्तिक अधिकारलाई प्रस्तुत गरेको देखिन्छ । विधवा महिलाले आफ्नो ज्यानमा आफ्नै अधिकार भएको घोषणा गर्दै निर्णय लिने अधिकार अरू महिलासरह एकल महिलालाई पनि हुने कुरालाई कथामा उठाइएको छ । समाज र परिवारको दवावबिना नै महिलाले स्वतन्त्र भएर निर्णय लिन पाउनुपर्ने कुरामा समेत जोड दिइएको पाइन्छ । यस कुरालाई ममताको "मलाई छोराछोरीको माया नै ठुलो र सम्पूर्ण छ । मलाई छोडिदिनुहोस् (श्रेष्ठ, २०७८, पृ. १०४) ।" भन्ने ममताको यस कथनले समेत नारी स्वतन्त्रता र वैयक्तिक अधिकार तथा निर्णयसम्बन्धी नारीचेतनालाई स्पष्ट पारेको छ । कथामा ममताले प्रेमलाई पाकेको पिलोसँग तुलना गर्दै पाशविक प्रेमको अन्त्य गरेर महिलामुक्ति र नारीअधिकार र स्वतन्त्रताको पक्षमा क्रान्तिकारी कदम चालेको देखिन्छ ।

## निष्कर्ष

नारीचेतनामा अधारित भागीरथी श्रेष्ठको मातृत्व कथा विशेषतः नारीदमनलाई मुख्य विषय बनाई नारीचेतनामा आधारित सशक्त कथा हो । कथाकी प्रमुख पात्र ममतालाई केन्द्रीय चरित्र बनाई उसैको सङ्घर्षयुक्त एकल जीवनको विश्लेषण गरिएको प्रस्तुत कथामा पितृसत्ताका कारण हुने नारीमाथिको विभेदलाई प्रस्तुत गरिएको छ । पितृसत्तात्मक सोच हाबी भएको हाम्रो नेपाली समाजमा विधवा नारीको सङ्घर्षपूर्ण दिनचर्यालाई कथाले मुख्य विषयवस्तु बनाउँदै पितृसत्ताविरुद्ध आवाज दिनुपर्ने निष्कर्ष प्रस्तुत गरेको छ । नारीहरू आफैँमा सचेत नहुँदा सुबोधजस्ता नराधम व्यक्तिहरूले सान्त्वना र सहयोगको बहानामा आफ्नो कामान्ध प्रवृत्ति पूरा गर्न जस्तोसुकै नीच हर्कत देखाउन सक्ने निष्कर्ष प्रस्तुत गर्दै नारीहरूलाई त्यस्ता व्यक्तिहरूको मोहपाशमा नफस्न आग्रह गरिएको छ ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

पारिवारिक सुखको शिखरबाट पतिवियोगका कारण दुःखको सतहमा एकल जीवन बिताउन बाध्य नारीहरू अभिभावकत्व गुमाएपछि पितृसत्ताको शोषण भोग्न विवश बनाइन्छन् । कथामा उनीहरूको बाध्यतालाई पितृसत्तात्मक समाजले अवसरका रूपमा प्रयोग गर्छन् भन्ने निष्कर्ष ममताका माध्यमबाट प्रस्तुत गरिएको छ । त्यसैगरी नारीहरू सधुवा हुन् वा विधवा नै किन नहुन् उनीहरूलाई पनि अरूजस्तै गरी बाँच्ने अधिकार हुनुपर्छ । विधवा हुनेसाथ उनीहरू जैविकताविहीन हुन्छन् भन्ने सोच कदापि ठिक होइन भन्ने निचोड कथामा प्रस्तुत गरिएको छ । एकल हुनु बाध्यता हो चाहना होइन । त्यसैले एकल नारीमाथि गरिने अन्याय र दमनको खुलेर विरोध गर्नुपर्छ भन्ने सन्देश मातृत्व कथामार्फत् दिइएको छ । असहाय देखेर नारीमाथि गरिने त्यस किसिमको दमन स्वच्छ समाजका निम्ति एउटा चुनौती हो भन्ने निष्कर्ष कथामा प्रस्तुत गरिएको छ । लैङ्गिक विभेदको विरोध गर्दै प्रस्तुत कथामा महिलालाई दया वा करुणापात्रका रूपमा भन्दा पनि एक स्वतन्त्र, सबल, सक्षम एवं समान मानवअधिकारयुक्त नागरिकका रूपमा बाँच्न दिनुपर्छ भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ । अन्त्यमा नारीहरू पनि आत्मनिर्णय गर्न र आफूले चाहेजस्तो सकारात्मक जीवन बिताउन सक्छन् । आफ्नो जीवनमाथि नारीकै पूर्ण स्वामित्व रहन दिनुपर्छ । उनीहरूमाथि पुरुषस्वार्थद्वारा प्रेरित भएर नारीहरूको वैयक्तिक अधिकारको कहिल्यै कसैले पनि हनन गर्नु हुँदैन भन्ने निष्कर्ष यो अध्ययनबाट प्राप्त भएको छ ।

प्रस्तुत कथामा प्रकृति र जीवलाई मानवीकृत गरेर  मातृत्वको उच्चतम आदर्शलाई अतिसूक्ष्म रूपमा विश्लेषण गरी मातृत्व र नारीको शाश्वत् महत्त्वलाई देखाइएको छ । कथाकार भागीरथी श्रेष्ठको मातृत्व कथामा कपितृसत्तात्मक शोषणको विरोधसम्बन्धी नारीचेतना, जैविकतासम्बन्धी नारीचेतना, दमनसम्बन्धी नारीचेतना, लैङ्गिक विभेदको विरोधसम्बन्धी नारीचेतना, वैयक्तिक अधिकार र स्वतन्त्र निर्णयसम्बन्धी नारीचेतना कथामा कसरी प्रस्तुत गरिएको छ भन्ने निष्कर्ष यस लेखमा निकालिएको छ ।

## सन्दर्भसामग्री


अर्याल, अम्बिका (२०७६), समकालीन नेपाली कथामा नारीचेतना, *प्रज्ञा* समकालीन नेपाली कथाविमर्श,  नेपाल प्रज्ञा–प्रतिष्ठान ।

उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा,* अक्षर क्रियसन्स ।

खनाल, राजेन्द्र (२०७५), *लैङ्गिक समालोचना सिद्धान्त र प्रयोग*, सनलाइट पब्लिकेसन ।

गड्तौला, नारायणप्रसाद (२०१९), नेपाली कवितामा नारीचेतना, *Tribhuvan university journal*,vol.33,no.2, December 2019 .

गौतम, बालकृष्ण र बस्नेत, शोभा (२०२५), मातृत्व कथामा लैङ्गिकताको प्रयोग, *Academic Journal Of Sukuna–AJoS*, 5 -1_.2025  .

चौलागाईँ, प्रेमप्रसाद (सन् २०२४), मातृत्व कथामा प्रयुक्त मनोभाव र भाषा, *Dhaulagiri Journal Of Contemporary Issues* Vol 2= Nepal Journals Online .

जोशी, होमनाथ (२०२३), धावा कथामा नारीचेतना, *DMC Research Journal*, Nepal Journals Online .

ढकाल, रजनी (२०७०), सांस्कृतिक अध्ययनमा लैङ्गिकता, *भृकुटी*, भृकुटी एकेडेमिक पब्लिकेसन ।

पौड्याल, कृष्णविलास (२०७९), *आधुनिक नेपाली आख्यान*, नवीन प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७७), *सांस्कृतिक अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ*, भुँडीपुराण प्रकाशन ।

शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्रप्रसाद (२०६७), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, भागीरथी (२०७७), मातृत्व,  कक्षा–१२ को अनिवार्य नेपाली, पाठ्यक्रम विकास केन्द्र ।

श्रेष्ठ, लक्ष्मीकृष्ण (२०८१), चुनौती कथामा नारीवाद, *ज्ञानदीप*, महेन्द्र बहुमुखी क्याम्पस ।


*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*